जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४१ अंक ७ २०७९ साल भदौ १९ गते आइतवार (4 Sep 2022 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : सरकारद्वारा गठित कार्यदलद्वारा ... पृष्ठ ३ मा : सशस्त्र प्रहरीद्वारा दुई सय लिटर ... पृष्ठ ५ मा : दलित अगुवाहरु निस्कृय ... पृष्ठ ५ मा : आईएस कार्यकर्ता मारिए ...

## एमालेले विभिन्न षडयन्त्र गरेर नागरिकताबाट बञ्चित गराउँदै छ : जसपा अध्यक्ष



**राजविराज**/जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेकपा एमालेले देशमा नागरिकताविहिन नेपालीलाई नागरिकताबाट बञ्चित गर्न विभिन्न षड्यन्त्र गरिरहेको आरोप लगाएका छन्।

जसपा महादेवा गाउँपालिकाद्वारा सप्तरीको बतनाहामा शुक्रबार आयोजित बृहत पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो आरोप लगाएका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै उनले तत्कालिन एमाले नेतृत्वको सरकारले मधेसीको एकतालाई भाड्न नागरिकता विधेयकको नाटक रचेर विधेयक ल्याउने खेल गरेको तथा अर्कोतर्फ आफ्नै मान्छेलाई उचालेर मुद्दा हाल्न लगाएको दाबी गरे। एमालेकै ईसारामा राष्ट्रपतिले नागरिकता विधेयक स्वीकृत गर्न नमानेको आरोप पनि उनले लगाए।

उनले नेपालका शासक वर्गहरु आफ्नो शासन सत्ता टिकाउनकै लागि पनि नेपाली नागरिकलाई नागरिकताबाट बन्चित गराउने षड्यन्त्र गरिरहेको बताए।

अध्यक्ष यादवले मधेश आन्दोलनकै कारण मधेशी लगायतका उत्पीडित समुदायले माधेश प्रदेश सहितको स्वाभिमान र सम्मान पाएको बताउँदै मधेश सहितका विभिन्न पहिचानको आन्दोलनबाट प्राप्त अधिकार रक्षाका लागि अझै संघर्ष आवश्यक रहेको औल्याए।

उनले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आगामी संघ र प्रदेश निर्वाचनमा गठबन्धनको उम्मेदवारलाई जिताउन आग्रह पनि गरे।

एक अर्को प्रसङ्गमा अध्यक्ष यादवले विकासमा पछाडी परेको सप्तरी जिल्लाले विकासको गति लिन शुरु गरेको भन्दै जिल्लामा रामराजाप्रसाद स्वास्थ्य विज्ञान प्रतिष्ठान, नर्सिङ कलेज, कृषि विश्वविद्यालय, सडक संरचना जस्ता विकासका आधार तयार भएको उल्लेख गरे।

अध्यक्ष यादवले अबको १० बर्षमा सप्तरीको मुहान फेरिने दावी गर्दै देशविकास र सामाजिक न्यायका लागि उत्पीडित समुदायहरु एकजुट हुनुपर्नेमा जोड दिए।

जसपा महादेवा गाउँपालिका अध्यक्ष अशोक कुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका केन्द्रिय कार्यकारिणी समिति सदस्य एवम प्रवक्ता मनिष कुमार सुमन, सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का साँसद डा. सुर्य नारायण यादव, पार्टीका राजनीतिक समिति सदस्य एवम मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पार्टीका राजनीतिक समिति सदस्य शिव बहादुर बस्नेत, पुर्व साँसद सरिता यादव, केन्द्रिय सदस्य विकास कुमार तिवारी, मधेश प्रदेश सचिब युसुफ अलि, जिल्ला अध्यक्ष केदार प्रसाद यादव, नवप्रवेशी दिपक कुमार यादव, राज नारायण साह, जगदीश मण्डल, आसिन मियाँ, मो. रहमद लगायतका मन्तव्य व्यक्त गरे।

## शैक्षिक सुधार बारे अन्तरक्रिया सम्पन्न



**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपलिकास्थित सामुदायिक विद्यालयहरुमा देखिएको बेतिथि तथा बिसंगतिलाई नियन्त्रण तथा समाधान गर्ने उद्देश्यले शुक्रबार सम्पूर्ण विद्यालयका शिक्षकहरुसँग गाउँपालिकाले अन्तरक्रिया सम्पन्न गरेको छ।

गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीको अध्यक्षमा आयोजित अन्तरक्रियामा जनप्रतिनिधिहरु तथा पालिकाको सम्पूर्ण विद्यालयका शिक्षकहरुको उपस्थिति रहेको थियो।

आयोजित अन्तरक्रिया कार्यक्रममा विद्यालयको शिक्षकहरुले आ-आफ्नो विद्यालयको शैक्षिक अवस्था र त्यसलाई सुधार गर्ने तथा विद्यालय भित्र रहेका विभिन्न समस्याहरुबारे गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाई जानकारी गराएका थिए।

पालिकास्तरीय शिक्षा समितिको संयोजक समेत रहेका गाउँपालिका अध्यक्ष चौधरीले पालिका शिक्षा क्षेत्रमा रहेका सम्पूर्ण समस्याहरुलाई समाधान गर्ने तथा शैक्षिक गुणस्तर सुधार गर्ने र सम्पूर्ण विद्यालयहरुलाई व्यवस्थित गरी बिस्तारै नमुना विद्यालय बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

## रेडक्रस अध्यक्ष भगत र जसपा नेता यादव एमालेमा प्रवेश

**राजविराज**/नेपाल रेडक्रस सोसायटीका अध्यक्ष जोगेन्द्र भगत नेकपा एमालेमा प्रवेश गरेका छन्। वरिष्ठ समाजसेवीको रुपमा परिचित भगत शुक्रबार नेकपा एमाले जिल्ला कमिटि सप्तरीद्वारा आयोजित कार्यक्रममा पार्टी प्रवेश गरेका हुन्।

यस्तै उनी सँगै जनता समाजवादी पार्टी नेपालका नेता चितरन्जन यादव पनि एमालेमा प्रवेश गरेका हुन्। उनीहरु दुबैलाई




नेकपा एमालेका जिल्ला इन्चार्ज दिवकार देवकोट, जिल्ला अध्यक्ष ताराकान्त चौधरी तथा नेता

*बाँकी पाँच पृष्ठमा*

## करेन्ट लागेर तीनको मृत्यु

**सिरहा**/पानी तान्ने विद्युतीय मोटरमा करेन्ट लागेर सिरहामा तीन जनाको मृत्यु भएको छ।

बिहीबार इनारभित्रै करेन्ट लागेर बुबा-छोराको मृत्यु भएको हो। मृत्यु हुनेमा गोलबजार नगरपालिका-६ ग्रामीण बजार बस्न ४२ वर्षीय विजय साह र उनका छोरा १९ वर्षीय अमर रहेको प्रहरीले जनाएको छ।

पानी तान्ने मोटरमा खराबी आएपछि पहिला बुबा इनारभित्र पसेका थिए। बुबालाई करेन्ट लागेपछि छोरासमेत इनारभित्र पस्दा करेन्ट लागेर घाइते भएका दुवै बाबुछोरालाई उपचारका लागि लहान लाने क्रममा बाटैमा मृत्यु भएको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक निरीक्षक राजु केसीले जानकारी दिए।

सिरहा नगरपालिकामा करेन्ट लागेर एक बालिकाको भदौ ११ गते मृत्यु भएको थियो। कलमा नुहाउन जाँदा पानि तान्ने मोटरबाट करेन्ट प्रवाह हुँदा सिरहा नगरपालिका-८ लबका टोल बस्ने चन्द्रदेव यादवको छोरी आठ वर्षीया रागनीकुमारी यादवको मृत्यु थियो।

करेन्ट लागेर गम्भीर घाइते भएकी यादवलाई प्रादेशिक अस्पताल सिरहा लाँदा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योति कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

### बैज्ञानिकीकरण ढंगले कृषि क्षेत्रलाई विकास गरौं

वर्षाको पानीको भरमा नेपालको कृषि क्षेत्र आश्रृत रहेको छ । सिंचाईको उचित व्यवस्था नभएको नेपालको कृषि प्रणाली अझै सुदृढ हुन सकेको छैन । रोपाईंका बेला राम्रो वर्षा नभए उत्पादनमा ह्रास आउने पक्कै हुन्छ । तर, हामी सधैं खेतीका लागि वर्षामै भर पर्छौं । यद्दपी हरेक वर्ष वर्षाले हामीलाई साथ दिन्छ भन्ने छैन् ।

सप्तरीमा सिँचाई अभावमा प्रत्येक वर्ष १० देखि ४० हजार हेक्टर खेती योग्य जमीन बाँझो रहने गरेको तथ्याङ्क छ । खेती प्रणालीलाई वैज्ञानिकीकरण गर्दै सिँचाई मल लगायत आवश्यक व्यवस्था गर्न सकिए सप्तरीमा धान उत्पानको दर प्रति हेक्टर चार देखि पाँच मेट्रिक टनसम्म पुऱ्याउन सकिने कृषि जानकारहरुको कथन छ । तर, विडम्बना चन्द्रनहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरी तीन ठुला सिँचाई प्रणाली र ग्रामीण पूर्वाधार विकास कार्यक्रम एवं सिंचाई सेक्टरका अन्तर्गतका अन्य सानातिना सिँचाई व्यवस्था रहे पनि तिनको अस्तव्यस्त र जीर्ण अवस्थाका कारण रोपाईका समयमा सिँचाईको अभाव हुने गरेको छ ।

कृषिमा तुलनात्मक रुपमा उत्पादन वृद्धि गर्ने लैजानका लागि कृषि प्रणालीलाई वैज्ञानिकीकरण गर्दै जानुको विकल्प छैन । आकाशे वर्षाको भरमा र पुरातन कृषि प्रणालीका भरमा उत्पादन वृद्धि गर्न सकिन्न । तसर्थ तीनै तहका सरकारले कृषिलाई वैज्ञानिकीकरण गर्न तर्फ अग्रसरता देखाउनु आवश्यकता रहेको छ ।

# सरकारद्वारा गठित कार्यदलद्वारा सप्तरीका मिटरब्याज पीडितहरूको समस्याबारे जानकारी

**राजविराज**/मिटरब्याजी सम्बन्धी सरकारले गठन गरेको कार्यदलले सप्तरीका मिटरब्याज पीडितहरूको समस्याबारे जानकारी लिएको छ ।

देशभरका मिटरब्याजी पीडितहरुको वास्तविक समस्या समाधानका लागि सरकारले डा. भीष्म कुमार भुसालको संयोजकत्वमा गठन गरेको कार्यदलले सो जानकारी लिएको हो ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जिल्लाका १८ वटा स्थानीय तहमध्ये सप्तकोशी बाहेक १७ वटै स्थानीय तहमा एक सय १२ वटा उजुरी परेको कार्यदललाई जानकारी दिएका छन् ।

सप्तरी प्रहरीले मिटरब्याजी खडक नगरपालिका रामदेव साह, उनका छोरा र छोरीमाथि मुद्दा दायर गरेपछि उनका छोरा र छोरी आदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन् भने रामदेव भने अझै फरार रहेको सप्तरीका प्रहरी प्रमुख अविनारायण काफ्लेले जानकारी दिए ।

सो कार्यदलले स्थानीय सरकार, बैंकिङ्ग क्षेत्र, प्रहरी तथा संचारकर्मीहरुसँग सहकार्य गरेर अघि बढिरहेको कार्यदलका संयोजक डा. भुसालले जानकारी दिए ।

गता साउन २७ मा मन्त्रीस्तरिय निर्णयबाट गठित समितिले काम थालेसँगै मिटरब्याजी विरुद्ध देशैभरिमा सबैभन्दा बढी ६९ प्रतिशत उजुरी मधेश प्रदेशका आठ वटै जिल्लाहरूमा परेको कार्यदलका संयोजक डा. भुसालले जानकारी दिए । देशभरका मिटरब्याजी पीडितहरुका लागि सरकारले उजुरी दिनका लागि भदौ ५ गतेसम्मको समयसीमा तोकेको थियो ।

गठित कार्यदलका सदस्य दिनेश आचार्य, श्रीकृष्ण श्रेष्ठ, नेपाल प्रहरीका प्रहरी उपरिक्षक कृष्ण प्रसाद कोइराला लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, जिल्लाका बैंक तथा वित्तीय संस्थाका प्रमूख, स्थानीय तहका प्रमुख तथा मिटरव्याज पीडितहरुसँग छलफल गरेर समस्याहरु बारे जानकारी लिएको जनाइएको छ ।

# मिटरब्याजी साहलाई पक्राउ गर्न प्रदर्शन




**राजविराज**/मिटरब्याजी रामदेव साहलाई पक्राउ गर्न माग गर्दै बुधवार राजविराजमा उनीबाट पीडित भएकाहरुले प्रर्दशन गरेका छन् ।

मिटरब्याजी प्रकरण अर्न्तगत ठगी तथा अपराधीक विश्वासघात मुद्दाका फरार प्रतिवादी रहेका साहलाई पक्राउ गर्न विगत दुई महिनाको अवधीमा पीडितहरुले बुधबार ११ औं पटक प्रदर्शन गरेका हुन् ।

यस अघि मिटरब्याजी साहबाट पीडित भएकाहरुद्वारा गठित संर्घष समितीले १० पटक उनको पक्राउको माग गर्दै सदरमुकाम राजविराजमा प्रर्दशन गरिसकेका छन् ।

स्थानीय शिवमन्दिर प्रांगणमा भेला भएका पीडितहरुले मिटरब्याज लिएर गरिब असहायलाई उठिवास गराउने सप्तरीको खडक नगरपालिका वडा नं. ७ कल्याणपुरका मिटरब्याजी साह परिवारलाई कारवाही गर्न माग गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

यता साहका छोरा नन्दकिशोर र छोरी अनुराधा भने २ महिना अघि नै पक्राउ परी ठगी तथा अपराधीक विश्वासघात मुदामा सप्तरी जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागी राजविराज कारागारमा छन् ।

सो मुद्दामा फरार रहेका साहलाई खोजी गर्न प्रहरीले लागिपरे पनि हालसम्म फेला नपरेको र लुकेर वसेको हुन सक्ने सम्भावित स्थानहरुमा खोज तलास कार्य जारी राखेको जनाउदै आएको छ ।

# भन्सार छलेको सामानसहित तीन भारतीय पक्राउ

**राजविराज**/जिल्ला प्रहरी कार्यालयको टोलीले सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. १२ र राजविराज नगरपालिका वडा नं. ५ सडक खण्डमा भारतबाट भन्सार छलेर ल्याइएका बिजुली, किराना र कपडा लागयतका सामानसहित तीन भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

प्रहरीले चेकजाच गर्ने क्रममा ३ लाख ७६ हजार ३० रुँपैया मुल्य बराबरको विभिन्न सामानसहित तीन भारतीय नागरिकलाई नियन्त्रणमा लिएको हो ।

उक्त सामानसहित पक्राउ पर्नेमा भारत सिवहर जिल्ला श्यामपुर गाउँ भटहा पंचायत २ का ४२ वर्षिय दिनानाथ साह, २४ वर्षिय रन्जय साह र २३ वर्षिय सुजित कुमारलाई रहेको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

बरामद सामानसहित तीनै जनालाई आवश्यक कारवाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बस अनियन्त्रित भई पल्टिदा १९ जना घाइते

**राजविराज**/सप्तरीको रुपनगरमा बुधबार यात्रुबाहक बस पल्टिदा १९ जना यात्रु घाइते भएका छन ।

पूर्वपश्चिम राजमार्ग अर्न्तगत सो सडकखण्डमा गाईघाटबाट धरानतर्फ जादै गरेको को.१ख. ३५२३ नम्बरको बस कंचनरुप नगरपालिका वडा नं. ९ स्थित रुपनगरको हनुमान मन्दिर अगाडीमा आफै अनियत्रित भइ पल्टिएको हो ।

बसमा सवार १९ जना यात्रु घाइते भएको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायव उपरिक्षक रामकुमार यादवले जानकारी दिएका छन् । जस मध्ये दुई जनाको अवस्था गम्भिर रहेकाले तत्काले बिराटनगरस्थित गोल्डेन अस्पताल उपचारका लागि पठाइएको उनले बताए ।

यस्तै अन्य यात्रुको स्थानिय धर्मेश्वर अस्पतालमा उपचारका लागि भर्ना गरिएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# भन्सार छलेर ल्याइएको अवैध औषधी बरामद

**राजविराज**/सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट भन्सार छलेर भारतबाट अवैध रुपमा ल्याइएको एक लाख भन्दा बढीको औषधी बरामद गरेको छ ।

भारतीय सीमा नजिक पर्ने बोदेबरसाइन नगरपालिका ८ सोनापुर क्षेत्रबाट उक्त अवैध औषधी बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

बरामद औषधीको १ लाख ४ हजार ८ सय ४ रुँपैया मुल्याङ्कन गरिएको छ । भन्सार छलेर ल्याइएका उक्त औषधी विभिन्न कम्पनीको रहेको तथा नेपालमा विधिवत दर्ता समेत नरहेको बताइएको छ ।

सशस्त्र प्रहरीबल स्वर्णपट्टीका सशस्त्र प्रहरी नायब निरिक्षक जयराम मण्डलको कमान्डमा खटेको टोलीलाई देखना साथ उक्त औषधी फ्यालेर तस्कर भारततर्फ भागेको सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकारी दिए ।

बरामद औषधी मंगलबार नै आवश्यक कारवाही प्रक्रियाका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सशस्त्र प्रहरीद्वारा दुई सय लिटर घरेलु मदिरा बरामदपछि नष्ट

**राजविराज**/घरेलु मदिरा उत्पादन र बिक्री वितरणमा कडाई गर्दै सशस्त्र प्रहरीले सप्तरीको सुरुङ्गा नगरपालिकाबाट सोमवार दुई सय लिटर घरेलु मदिरा नियन्त्रणमा लिई नष्ट गरेको छ ।

कदमाहा-गाईघाट सडक खण्डमा विभिन्न सवारी साधन चेकजाच गर्ने क्रममा उक्त परिमाणको घरेलु मदिरा बरामद गरी प्रहरीले नष्ट गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाका अनुसार सुरक्षा वेश क्याम्प कडरबोनाबाट खटेका सशस्त्र प्रहरी सहायक निरिक्षक विनोद चौधरी नेतृत्वको टोलीले विभिन्न सवारी साधन चेक जाँचको क्रममा उक्त घरेलु मदिरा बरामद गरेको छ ।

प्लास्टिकको भाँडोमा राखि लैजादै गरेको उक्त घरेलु मदिरा सोमवार नै सशस्त्र प्रहरी बल सुरक्षा वेश क्याम्प कडरबोनामा ल्याइ वडा अध्यक्ष दिलाराम चौधरी, सशस्त्र प्रहरीका वेशपती सहायक प्रहरी निरीक्षक धमेन्द्र सिंह भण्डारी, इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी अधिकारी तथा स्थानीयको रोहवरमा नष्ट गरीएको छ ।

# राति मोबाइल प्रयोग गर्नाले बढ्दै छन् मधुमेह र डिप्रेसनका बिरामी

रातिको समय मोबाइलमा लगातार हेर्ने लतले युवाहरूको स्वास्थ्य बिगारिरहेको अध्ययनले देखाएको छ । सामाजिक सञ्जालमा भएका गतिविधिसँग अपडेट रहन युवाहरू दिनभरको काम सकेर सुत्नुअघि मोबाइल स्कोल गर्छन् ।

तर यो स्कोलिड केही मिनेट भन्दा पनि धेरै घण्टासम्म चल्छ । यसले निद्रामा असर गर्छ र उनीहरु अन्य रोगको सिकार हुन्छन् ।

रातको समयमा फोन चलाउने यो बानिलाई रिभेन्ज बेड टाइम प्रोक्रस्टिनेसन भनिन्छ । केही अध्ययनहरूले पत्ता लगाएका छन् कि निकै राती सम्म मोबाईल हेरेर ढिलो सुत्दा उच्च रक्तचाप, मधुमेह, हृदय समस्या, साथै तौल बढ्ने र डिप्रेसन हुन सक्छ ।

सबै कुरा थाहा हुँदाहुँदै पनि युवाहरू सुत्नुको सट्टा मोबाइल चलाउनाले यो अवस्था चिन्ताजनक रहेको एक अनुसन्धानमा संलग्न वैज्ञानिकहरूले बताएका छन् । यस समस्याबाट छुटकारा पाउनको लागि स्क्रिन समय कम गर्न जरुरी छ ।

वैज्ञानिकहरूले स्क्रिनको लतबाट टाढा रहनको लागि राती आफ्नो मनपर्ने कार्यक्रमहरू नहेर्न सुझाव दिन्छन् ।

यदि तपाई सुत्नु अघि सोसल मिडिया चलाउन चाहनुहुन्छ भने फोनमा टाइमर राखेर चलाउनुपर्छ । केही घण्टाको लागि एपका नोटिफिकेसनहरू ब्लक गर्न सक्नुहुन्छ । सुत्नुअघि पढ्ने, स्केच गर्ने, चित्र बनाउने, ध्यान गर्ने वा जानकारी मुलक कुराहरू खोज्ने प्रयास गर्नुहोस् । यसले स्क्रिन समय कम गर्न सहयोग हुन्छ । स्वास्थ्य खबरबाट

# सामाजिक विकास मन्त्रीद्वारा एकै दिन चार संरचनाको उद्घाटन




**राजविराज**/मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले एकै दिन चार वटा संरचनाहरुको उद्घाटन गरेका छन् ।

मन्त्री साहले सप्तरी जिल्लाको तिरहुत गाउँपालिकामा सोमवार एकै दिन चार वटा संरचनाको उदघाटन गरेका हुन् ।

तिरहुत गाउँपालिकाको विभिन्न वडामा नवनिर्मित २ सामुदायिक भवन, एउटा खेलकुद भवन र एउटा मन्दिरको एकै दिन उदघाटन गरेका उनले आफु शिलान्यास भन्दा पनि काम पुरा गरी उद्घाटन र समुदायमा हस्तान्तरण गर्नमा बढी रुची राख्ने गरेको स्पष्ट पारे ।

उक्त संरचनाहरुको उद्घाटन गर्दै मन्त्री साहले प्रदेश सरकारलाई अहिले पनि संघिय सरकारले अधिकारविहीन अवस्थामा राखेको अब पनि प्रदेशलाई अधिकार नदिने हो भने पुन: आन्दोलनको विकल्प नरहने बताए ।

उनले उक्त विषयमा असन्तुष्टी व्यक्त गर्दै प्रदेशलाई पुर्ण अधिकार प्राप्तीका लागि नै मधेश प्रदेश सरकारले सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरेको उल्लेख गरे ।

एक महिना भित्र मन्त्री साहले समाजिक विकास मन्त्रालय, भौतिक पुर्वाधार मन्त्रालय र आफ्नो संसदीय विकास कोषको रकमबाट सप्तरी जिल्लाको विभिन्न पालिकामा १७ वटा नयाँ संरचनाको निर्माण गरी उदघाटन गरिसकेका छन् ।

यसरी उद्घाटन गरिएका संरचनाहरुमा सामुदायिक भवन, विद्यालय भवन, खेलकुद भवन, मन्दिर, मदरसा, धर्मशाला, सडक, ग्रामिण पुल, स्वाथ्य चौकी, अस्पताल लगायतका संरचना छन् ।

उद्घाटनका अवसरमा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, डिभिजन वन कार्यालय सप्तरीका प्रमुख हेमन्त साह, सामुदायिक भवनका लागी निशुःक जग्गा दान गर्ने जग्गा दाता सुर्या देवी दास तथा स्थानीयवासीको उल्लेख्य उपस्थिती रहेको थियो ।

# यस्ता छन् भातको माडका फाइदाहरू

भात पकाउँदा आधा पाकिसकेपछि तयार हुने बाक्लो तरल पदार्थलाई भातको माड भनिन्छ । यो स्वास्थ्यका लागि धेरै फाइदाजनक छ । यो बच्चाहरूको धेरै समस्याको समाधान लागि प्रभावकारी मानिन्छ ।

**यसका केही फाइदाहरू :**

१. पखलाको औषधि: बालबालिकामा लाग्ने पखाल रोक्न भातको पानी निकै प्रभावकारी औषधि हो । यो पानीले बालबालिकाको पेट गडबढ हुने प्रक्रियालाई नियन्त्रण गरी आनन्द प्रदान गर्छ । भातको माड खुवाउँदा बच्चालाई तारन्तार दिसा लाग्दैन । भातको माडमा हुने कार्बोहाइड्रेडले बच्चालाई कमजोरीबाट जोगाउँछ । तर चार महिनाभन्दा मुनिको बच्चालाई माड खुवाउनु उति राम्रो मानिँदैन ।

२. कब्जियतको समाधान: भातको पानीमा हुने फाइबरले पेट दुख्ने र पाचनसँग सम्बन्धित समस्यालाई समाधान गरिदिने हुँदा पेट डुम्म भयो वा दिसा गर्न समस्या भएमा दैनिक एक गिलास भातको माड खाँदा कब्जियतबाट छुटकारा मिल्छ ।

३. छाला कसिलो बनाउन:भातको माडलाई अनुहारमा लेपन बनाएर लगाउँदा अनुहार सफा, चम्किलो र कसिलो हुन्छ । छाला चिलाउने समस्यामा पनि माड उपयोगी हुन्छ । चिलाएको ठाउँमा भातको माड लगाएर केही समयपछि मन तातो पानीले नुहाउँदा चिलाउने हराएर जान्छ । मुखमा फुस्रो दाद, रातो बिमिरा आएमा माड लगाउन सकिन्छ ।

४. कपाल स्वस्थ बनाउन: भातको माडले कपालमा चमक ल्याउनुका साथै कपाल उम्रन सहयोग गर्छ । यसले कपाललाई पनि छिटो-छिटो वृद्धि गराउँछ ।

५. शरीरलाई उर्जाशिल बनाउन: बिरामीले कमजोर भएको शिशुलाई तग्रिनको लागि माड खुवाउन सकिन्छ । माडमा पाइने कार्बोहाइड्रेडले शरीरमा तत्काल ऊर्जा दिन्छ ।

६. शीतल: भातको पानीमा एउटा स्वाभाविक चिस्याउने तत्व हुन्छ जसले घामको प्रकाशले डढेको छालालाई चिस्याउन र जलन रोक्न सहयोग पुऱ्याउँछ ।

७. भिटामिनको काम: भिटामिन बी-६ दिमागको विकासका लागि महत्वपूर्ण मानिन्छ । चामललाई केही बेर तातो पानीमा पकाउँदा पानीमा सजिलै भिज्ने यी भिटामिन उत्पन्न हुन्छन् । बच्चालाई भिटामिनको कमी छ भने नियमित भातको माड खुवाउदा फाइदा गर्छ । स्वास्थ्य खबरबाट

# मदरसा संचालनका लागि मन्त्रीद्वारा एक महिनाको तलब सहयोग

**राजविराज**/मदरसालाई व्यवस्थित ढंगले संचालन गर्न मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साहले आफ्नो एक महिनाको तलब सुविधा सहयोग उपलब्ध गराएका छन् ।

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. २ महादेवपट्टीस्थित दारुल कुरान मदरसाको निरिक्षण गर्न आईपुगेका मन्त्री साहले आफ्नो एक महिनाको तलब सुविधा गरी ७१ हजार रुपैया मदरसालाई सहयोग उपलब्ध गराएका हुन् ।

जिल्लामा प्रदेश सरकारको सहयोगमा मन्दिर, मदरसा, विद्यालय भवन, सामुदायिक भवन, इदगाहा, खेलकुद भवन, धर्मशाला, स्वास्थ्य चौकी लगायतका संरचना निर्माणमा मन्त्री साह व्यस्त छन् । तीन महिनाको अवधीमा सप्तरीमा मात्र मन्त्री साहद्वारा २३ वटा नयाँ संरचनाको निर्माण कार्य पुरा भइ उद्घाटन समेत गरिसकिएको छ ।

मन्त्री साहका स्वकिय सचिव राजकुमार यादवले सप्तरीमा मात्र होइन, प्रदेशका अन्य जिल्लाहरुमा समेत प्रदेश सरकारको सहयोगमा निर्माण भएका ५ दर्जन भन्दा बढी संरचनाको मन्त्री साहले उदघाटन गरिसकेको जानकारी दिएका छन् ।

यस्तै उनी संगै पुगेका प्रतिनीधी सभासदस्य डा. सुर्य नारायण यादवले पनि सो अवसरमा मदरसा व्यवस्थापनका लागी आफ्नो एक महिनाको तलब भत्ता सहयोग गर्ने घोषणा गरे ।

डा. यादवले सहयोग घोषणा गरेको रकम १/२ दिन भित्रै मदरसा व्यवस्थापन समितीको खातामा जम्मा गरि दिने प्रतिबद्धता जनाए ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# सामाजिक सञ्जालमा चर्किंदो द्वन्द्व

**राजेन्द्र किराँती**

आजको विश्व मानव समाज विगतमा जस्तो टाढा, ढिलो र बेखबर छैन । विद्युतीय सञ्चार माध्यममार्फत पलभरमै सबैखाले सूचना लिन-दिन सकिन्छ । यसका लागि सबैभन्दा छिटो र सजिलो माध्यम भनेको सामाजिक सञ्जाल नै हो । यो २१औं शदीको मानव समुदायको सिङ्गो सामाजिकी बन्न पुगेको छ । कतिसम्म भने अब सामाजिक सञ्जालबिनाको कुनै व्यक्ति, वस्तु, संस्था, सत्ता र क्रियाकलाप कल्पना नै गर्न सकिन्न । यो मानव समुदायको अभिन्न अर्थराजनीतिक जीवन पद्धति बनिसकेको छ । यसलाई कुनै पनि कारण वा बाहनामा अलग राख्न खोज्नु मूर्खता मात्र हुन्छ । कसैले त्यस्तो सोच राख्छ भने त्यो सरासर बनिबनाउ हावादारी कल्पना मात्र हुनेछ ।

वस्तुतः सूचना-सञ्चार प्रविधि सबैको पहुँचमा पुग्नु सुखद गर्वको विषय हो । यसको अधिकतम वैज्ञानिक, वस्तुवादी र व्यावहारिक उपयोगबिना कुनै पनि समाज अघि बढ्नसक्दैन । यो हामी सबैको वास्तविकता हो । यद्यपि यसो भनिरहँदा यसको उपयोग गर्ने कि दुरुपयोग भन्ने कुराले धेरै विषय निर्धारण गर्दछ । सञ्जालको उचित उपयोगले उत्पादनशील, सिर्जनशील र समाजोपयोगी काम गर्दछ भने दुरुपयोगले अनावश्यक दुस्मनी, दुराशय, दुराग्रह र अनुत्पादक आडम्बरी संस्कार मात्र सिकाउँछ । आज संसारैभरि सामाजिक सञ्जालको अत्यधिक प्रयोग भइरहेको छ । यो सर्वाधिक खुसीको कुरा हो । यद्यपि उत्पादनशील उपयोग र दुरुपयोगमा मात्र यसको सिर्जनशील औचित्य छ छैन भन्ने प्रष्ट हुन्छ ।

नेपालमा पनि सञ्जाल प्रयोगकर्ता नाटकीय रूपमा बढेको छ । यो कुनै खास अनुसन्धान गरेर निकालिएको आँकडा भने होइन । यो उपयोगभन्दा बढी दुरुपयोग भइरहेको प्रतीत हुन्छ । ध्यान केन्द्रित र समयावधिका आधारमा यसमा विभिन्न किसिमका प्रयोगकर्ताहरू छन् । तिनीहरूमध्ये पहिलोमा पूर्णकालीन, दोस्रोमा अर्द्धपूर्णकालीन, तेस्रोमा अल्पकालीन र चौथोमा शून्यकालीनहरू रहेका छन् । यद्यपि शून्यकालीनहरू नगण्य सङ्ख्यामा छन् । पूर्णकालीनहरूले सामाजिक सञ्जाललाई लतकै रूपमा प्रयोग गर्छन् । उनीहरूले उत्पादनशीलभन्दा अनुत्पादक ढङ्गले यसको दुरुपयोग गरिरहेको देखिन्छ । सञ्जालको लतमा खाना र सुत्न पनि भुल्ने गर्दछ । यता अर्धपूर्णकालीनहरू पनि हाम्रो समाज समाजवादउन्मुख भनेजस्तै लतोन्मुख हुन्छन् । उनीहरू पनि खाना र सुत्न त्यति मन गर्दैनन् । अल्पकालिकवालाहरू औसत प्रयोगकर्ताभित्र पर्दछ । उनीहरू अति उग्र र अति व्यग्र र अति मन्द हुँदैनन् । उनीहरू भने केही कामसहित खाना र सुत्नमा पनि सचेत हुँदै सञ्जाल प्रयोग गर्दछ । यसलाई सापेक्षित सही र व्यावहारिक मान्न सकिन्छ । शून्यकालीनहरू असाध्यै न्यून छन् । यसको हाम्रो सामाजिकीमा त्यस्तो धेरै स्वार्थ अवसर केही देखिँदैन । यसका नकरात्मक सकरात्मक प्रभावहरू पनि नगण्य नै छ । उनीहरूलाई अरूभन्दा निःस्वार्थी र सन्तोकी भनेर संज्ञा दिन सकिन्छ ।

यसरी सामाजिक सञ्जालको प्रयोग गर्नु सही कि गलत भन्ने कुरा योजना, उद्देश्य र परिणाममा निर्भर हुनेगर्दछ । सही प्रयोजनमा चलाउँदा उपलब्धिपूर्ण हुन्छ भने गलत प्रयोजनमा चलाउँदा नोक्सान हुन्छ । पछिल्लो समय हाम्रो समाजमा उत्पादनशीलभन्दा अनुत्पादनशील प्रयोजनमा यसको अध्यावधिक प्रयोग भइरहेको पाइन्छ । यसले लाखौं उत्पादनशील जनशक्ति वा श्रम खेर गइरहेको छ । उत्पादन गर्ने उमेर समूहका प्रयोगकर्ताहरू उत्पादनमा लाग्न छोडेर सञ्जालमा लाइक र कमेन्ट खिपेर बसिरहेका छन् । सिर्जनशील दिमाग र हातहरू चोटिलो, घोचिलो र पेचिलो वाक्य र पदावलीहरू दिमागी शब्दकोशमा खोजेर गम्दा समय बितेको थाहै पाउँदैनन् । कतिपय प्रयोगकर्ताहरू त एकोहोरै सञ्जालभित्र चुर्लुम्म डुब्दा डिप्रेसनको सिकार पनि भइरहेका छन् । यसले सञ्जालको चरम दुरुपयोग भइरहेको सङ्केत गर्दछ ।

त्यति मात्र होइन, पछिल्लो समय सामाजिक सञ्जालमै पक्ष र विपक्षमा तल्लो स्तरको गालीगलौज, आरोप-प्रत्यारोप, समर्थन र विरोध अनि आफ्नो र पराइ कित्ताकाट गरेर अभिव्यक्त गर्ने संस्कृति मौलाइरहेको छ । आफ्नो, मन परेको र स्वार्थ मिल्नेहरूलाई निरपेक्ष अतिदेवत्वकरण, अधिमूल्याङ्कन, अन्धाभक्ति, अति समर्थन, अति प्रसंशा र अति महिमामण्डन गर्ने गलत प्रवृत्ति बढेको छ । उता विरोधी, मन नपरेका र स्वार्थ नमिल्नेहरूलाई अति राक्षसीकरण, अति विरोध, अति आलोचना, अति गाली, अधि अवमूल्यन र अति विरोध गर्ने परम्परा झाँगिएको छ । जताबाट हिसाब गरे पनि यी दुवै प्रवृत्ति गलत हुन् । किनभने कुनै पनि व्यक्ति, वस्तु वा सत्तालाई माग सापेक्ष विकास गराउने हो भने त्यसप्रति आलोचनात्मक दृष्टिकोण राख्नैपर्दछ । वस्तुप्रति आलोचनात्मक हुनु भनेको त्यसलाई निषेध र विरोध गर्नु होइन । त्यसको सकरात्मक र नकरात्मक दुवै पक्षहरूलाई मिहिन ढङ्गले केलाउनु हो । आलोचनात्मक विरोध र समर्थन गर्नु भनेको सहीलाई निरन्तरता दिँदै गलतलाई सच्याउनु हो । यो व्यक्ति वा वस्तुलाई रूपान्तरण गर्ने वैज्ञानिक र भरपर्दो विधि हो । अति देवत्वकरण र अति राक्षसीकरणले अन्ततः विकास नभएर विनाश मात्र गराउँछ । यसरी वस्तुलाई विकास गर्न सकिएन भने त्यो आफ्नै आन्तरिक कारणले विनाश हुन्छ । यो व्यक्ति, वस्तु र सत्ता विकास र विनाश सम्बन्धी सार्वभौम द्वन्द्वात्मक नियम हो ।

वस्तुतः नेपाली सञ्जालमा हामीले स्वाभाविक रूपमा सोचेभन्दा धेरै कुरा हुन थालेको छ । कतिसम्म भने सञ्जालमै राजनीति, कूटनीति, रणनीति र प्रचार सबै हुन थालेको छ । यसैमा रमाउने, चिढ्याउने, स्थापित, विस्थापित समर्थन, विरोध, सफल र असफल निर्भर हुँदैछ । अझ उफ्रिने, थच्चिने, आत्तिने, मात्तिने, पात्तिने, रिसाउने, खुस्याउने, रुवाउने र हँसाउने पनि सञ्जाल नै भएको छ । त्यति मात्र होइन, थर्काउने, गलाउने, बजाउने, हराउने अनि तह लगाउने सबै यसैमा अन्तरनिहित छ । गाली, ताली, बोली, वाणी र वक्तव्यबाजी यसैमा हुँदैछ । यता आन्दोलन, धर्ना, मुद्दा, हुद्दा अनि भिडभाड सबै यहीं भइरहेको छ । खुइल्याउने र पुलपुल्याउने दुबै यसैको साहरामा बाँचेको छ । सञ्जालमै काम, माम र हाम हुन थालेको छ । हुँदा-हुँदा अहिले त सञ्जालमै प्रधानमन्त्री, मन्त्री, सांसद, मेयर, अध्यक्ष, डाइरेक्टर, स्वकीय सचिव र सल्लाहकार सबै बन्न थालेको छ । यो अर्को खुसीको कुरा हो । सामाजिक सञ्जालको यस्तो बहुआयामिक चरित्र देखेर दङ्ग नपर्ने कोही छ जस्तो लाग्दैन । यसलाई अन्यथा मान्न हुँदैन ।

त्यति मात्र होइन । अझ अघि बढ्दैजाँदा आजकल सञ्जालमा भड्किलो, उत्तेजित र उत्ताउलो द्वन्द्व पनि हुन थालेको छ । घोचिलो र पेचिलो टिप्पणीहरू खिपिन थालेको छ । तल्लो स्तरको गालीगलौज र विवेकशून्य भनाइहरू ओइरिन थालेको छ । अतिदेवत्वकरण र अति राक्षसीकरणको वर्षा बर्सिन थालेको छ । असभ्य, असङ्गतिपूर्ण र अस्वाभाविक पदावलीहरूले सञ्जालका भित्ता भरिन थालेका छन् । अति तरङ्गित र अति उद्वेलित अभिव्यक्तिहरू पोखिन थालेका छ । घमण्ड र उन्मादहरू उम्लिन थालेको छ । अन्धभक्ति र अन्धविरोधको पराकाष्ठामा निस्किएको लाइक र कमेन्टको यौगिक रागले सामाजिक सद्भाव र एकरूपतामा बनाइएका शान्त पोखरीहरू छचल्किन थालेका छन् । धरातलीय यथार्थमा राम्रोसँग नटेकी समर्थन र विरोधको रस्साकस्सीमा झुन्डहरू विभाजित भएर तानातान गरिरहेका छन् । तथ्यलाई राम्रोसँग नबुझी एकापट्टिको डोरीमा झुन्डिएर हल्ला-खल्ला गरिरहेका छन् । यही हल्लाकै पछि लागेर सञ्जालमा एकोहोरो विश्लेषण र संश्लेषणसँगै बहस-पैरवी र तर्ककुतर्कहरूमा उत्रिएका छन् हाम्रा विद्वान् मित्रहरू । यस्तो रवैया पक्ष र विपक्षमा उभिएर टक्कर लिँदा स्वादिलो भए पनि समग्र सामाजिक थिति र सङ्गति बसाल्ने कोणबाट नियाल्दा गलत सावित हुनेछ ।

जमाना पनि कहाँ पुगिसके छ ? विगतमा खुला आकाशमुनि विरोध प्रदर्शन, हड्ताल, चक्काजाम, मसाल जुलुस, र्‍यालीलगायतका आन्दोलनका स्वरूपहरू थिए । यसमार्फत सरोकारवाला निकायहरूलाई दबाब दिइन्थ्यो । तर आज कहीँकतै जानुपर्दैन । ओच्छ्यानमा सुतेर, कुर्सीमा बसेर, यात्रामा ढल्केर, जात्रामा रमिते बनेर अनि चौतारीमा गफ हाँक्दै सञ्जालजन्य घोचिलो पेचिलो आन्दोलन गर्न सकिन्छ । यसमा भौतिक रूपमा श्रम गर्नुपर्दैन । त्यसैले यसलाई कतिपयले अल्छे आन्दोलन पनि भन्ने गर्दछ । यद्यपि यस आलेखमा आन्दोलनको स्वरूप बदलिएको भन्दा पनि यसले अङ्गीकार गरेको गलत संस्कारप्रतिको चिन्ता हो । सामाजिक सञ्जालको दुरुपयोगद्वारा समाजमा सही सामाजक थिति, संस्कार र सकरात्मक मनोविज्ञानहरू बसाल्न सकिँदैन । यस्तो स्वार्थी र अवसरवादी गलत प्रवृत्तिले हामी सही गन्तव्यमा पुग्न सक्दैनौँ । यसमा सबै सञ्जाल प्रयोगकर्ताहरू गम्भीर बन्न जरुरी छ ।

पछिल्लो समय कसैलाई उचाल्ने र पछार्ने नाममा हदैसम्मका तुच्छ गालीगलौज र असभ्य भाषा र बोलीचाली अत्यधिक प्रयोग भइरहेको देखिन्छ । यो तपाईं हाम्रा लागि विडम्बनाको विषय हो । सञ्जालमा अभिव्यक्त भाषा शिष्ट, सभ्य र राजनीतिक भावमा अभिव्यक्त हुनुपर्दछ । पाँडे गालीको बोली बोल्नु हुँदैन । विरोध पनि आलोचनात्मक चेतद्वारा निर्देशित हुनुपर्दछ । तर अब त सामाजिक सञ्जाल खोल्न पनि डरसरी भइसकेको छ । किनकि सामाजिक सञ्जाल खोल्नेवित्तिकै तथानाम गालीगलौजको वर्षा मात्रै देखिन्छन् । यसले हाम्रो समाजको सभ्यता र अनुशासनको असली स्तर छर्लङ्ग हुन्छ । यस्तो प्रवृत्तिलाई प्रश्रय दिँदै जाँदा हाम्रो समाज कस्तो बन्ला चिन्ताको विषय हो । यस्तो संस्कारले हामी कहाँ पुग्छौं ? हाम्रो समाजको भाष्य, मनोविज्ञान, संस्कृति, विवेक, चालचलन, सभ्यता र संस्कार कस्तो बन्ला ? सचेत नागरिकहरूका लागि यो विचारणीय सवाल हो ।

त्यसैले हामी सभ्य र स्वाभिमानी नेपालीहरू सामाजिक सञ्जालमा धेरै नबहकिऔँ, नछचल्किऔं अनि नपोखिऔं । छचल्किनै परे सभ्य, शिष्ट र शालीन भावमा पोखिने गरौँ । अति देवत्वकरण र अति राक्षसीकरण दुवै नगरौँ । अति प्रसंशाले आवश्यकताभन्दा बढी हौसिन्छ भने अति विरोधले औसतभन्दा बढी निराश बन्दछ । दुवै प्रवृत्तिले कसैलाई फाइदा गर्दैन । व्यक्ति र वस्तुप्रति आलोचनात्मक दृष्टिकोण राख्ने गरौँ । अति उन्माद, अति घमण्ड, अति उत्साहित र अति महत्त्वाकाङ्क्षी पनि नबनौँ । अति निराशा र कुण्ठा बोकेर संसारै अँध्यारो पनि नदेखौँ । सापेक्षित वा औसत आशा, आकाङ्क्षा र उत्साह राखौँ । अरूलाई खुइल्याउँदा आफूले र आफूलाई खुइल्याउँदा अरूले आनन्द महसुस गर्ने प्रतिशोधी संस्कारलाई निरुत्साहित गरौँ ।

यसो गर्नका लागि आजैबाट भड्किलो, उत्तेजित र तरङ्गित अभिव्यक्तिहरू बन्द गरौँ । यसले सामाजिक सञ्जालमा अनावश्यक युद्ध र द्वन्द्व सिर्जना गर्दछ । आखिर सञ्जालको द्वन्द्व छताछुल्ल हुने समाजमै हो । सही सवालको उठान र बैठान सभ्य राजनीतिक भावमा पनि अभिव्यक्त गर्न सकिन्छ । घोचिलो, पेचिलो र आग्रह-पूर्वाग्रहका शब्दहरू खिप्ने र बुन्ने मित्रहरूलाई अरू उत्पादनशील र सिर्जनशील काममा लाग्न सुझाव दिन मन लागेको छ । कुनै पनि व्यक्ति, वस्तु र सत्तालाई निरपेक्ष पूर्ण र समाधनको रूपमा होइन, सापेक्षित हल भनेर मात्र बुझ्ने गरौँ । सञ्जालमा अनावश्यक तरङ्गित अभिव्यक्ति दिएर अरूलाई उक्साएर उन्मादी बनाएर बर्बाद नगरौँ अनि जानीजानी असफल नपारौँ । यहाँ कुरा खिपेर तीखो वाण हान्नुभन्दा बरू अरू बिते-बिग्रेको काम गरौँ । यसैमा हामी सबैको भलो छ । रातोपाटीबाट


## र्दिक बधाई एवं शुभकाम



सोनाई दास

राजविराजस्थित सोनाई विज भण्डार एण्ड सप्लायर्सका प्रोपराइटर **श्री सोनाई दास** ज्यू कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तरगतको जीवनाशक विषादी व्यवस्थापन समितिको सदस्य पदमा तीन वर्ष कार्यकालका लागि मनोनित हुनुभएकोमा हार्दिक बधाईका साथ उहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु ।

**हरिनारायण यादव**
**कृषि अधिकृत**
**राजविराज नगरपालिका**



## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ्ग हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५

**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

# दलित अगुवाहरु निस्कृय भएकै कारण बजेट फ्रिज : मन्त्री साह



**राजविराज**/मधेस प्रदेशका सामाजिक विकास मन्त्री तथा दलित विकास समितिका अध्यक्ष नवलकिशोर साहले प्रदेश सरकारले दलित समुदायका लागि छुट्याएको बजेटसमेत खर्च हुन नसकेकोमा दुःख व्यक्त गरेका छन् ।

'दलित अधिकार सबैको सरोकार' नाराका साथ दलित सरोकार मञ्चद्वारा आयोजित मधेस प्रदेशस्तरीय दलित अगुवा सम्मेलनको सप्तरीको कञ्चनरूप नगरपालिका वडा नं. ११ स्थित बेङ्ग्रीमा शुक्रबार आयोजित उद्घाटन कार्यक्रममाा उनले सो दुःख व्यक्त गर्दै दलित अगुवाहरू चाहिने जति सक्रिय नभएकै कारण यस्तो अवस्था सृर्जना भएको उनको भनाइ थियो ।

सरकारले दलित विकासका लागि चालु आर्थिक वर्षमा ४ करोड ८० लाख रुपैयाँ छुट्याए पनि गत आर्थिक वर्षमा विनियोजित धेरै रकम खर्च नभई फ्रिज भएको उनले जानकारी दिए ।

मधेस प्रदेशका ८ वटै जिल्लाका दलित अगुवा/अधिकारकर्मीलगायतको सहभागीतामा आयोजित भेलामा मन्त्री साहले दलित समुदायका लागि केही भएन भनेर गुनासो गर्नु भन्दा छुट्याएको बजेट खर्च कसरी सदुपयोग गर्ने भन्ने बारे ध्यान दिन आग्रह समेत गरे ।

उनले मधेस प्रदेश सरकार अरू प्रदेश भन्दा दलितलाई अधिकार उपलब्ध गराउने विषयमा बढी जिम्मेवार रहेको दाबी पनि गरे । दलित सशक्तीकरण ऐन निर्माण यसको प्रमाण भएको पनि उनले बताए ।

कार्यक्रममा डा.विजयप्रसाद मिश्रले दलित विकास समितिको दीर्घकालीन रणनीति पत्रबारे कार्यपत्र पेस गरेका थिए । उक्त कार्यपत्र सम्बन्धमा ८ वटै जिल्लाका प्रतिनिधिले समूहगत छलफल गरी सुझाव पेस गरेका थिए ।

उद्घाटन समारोहका सभापति तथा दलित सरोकार मञ्चका पूर्वकार्यकारी निर्देशक भोला पासवानले मधेस प्रदेशका दलित समुदायको समस्या समाधानका लागि सरकारलाई नीतिगत सवालमा सुझाव दिने उद्देश्यले कार्यक्रम आयोजना भएको जानकारी दिए ।

कार्यक्रममा दलित विकास समितिका सदस्य श्याम सरदारले सिङ्गो प्रदेशका दलित अगुवाहरूलाई समेटेर यति महत्वपूर्ण विषयमा छलफल गराउनु प्रशंसनीय पहल भएको भन्दै आयोजकलाई धन्यवाद दिए ।

दलित सरोकार मञ्चका संस्थापक अध्यक्ष युक्तिलाल मरिक, दलित अधिकारकर्मी पञ्चदेव खड्ग, चन्देश्वर पासवान, लवकुश बैठा र तीर्थमाया खड्गलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# मंसिरमा राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा सार्वजनिक हुने

**काठमाडौँ**/राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा आगामी मंसिरको अन्तिम हप्ता सार्वजनिक हुने भएको छ ।

जनगणना प्रक्रियाअन्तर्गत यसअघि देशभर खटिएका गणक र सुपरभाइजरबाट सङ्कलित तथ्याङ्क प्रशोधन गर्ने काम करिब अन्तिम चरणमा पुगेको छ ।

केन्द्रीय तथ्याङ्क विभागका निर्देशक ढुण्डीराज

***रेडक्रस अध्यक्ष भगत ...***

सुमनराज प्याकुरलेले टिका लागई पार्टी प्रवेश गराए ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा भगत एमालेबाट उम्मेदबार बन्ने सम्भावना रहेको छ । उनी सप्तरी क्षेत्र नं. ३ को ख बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवार बन्ने सक्ने पार्टी श्रोतले जनाएको छ ।

लामिछानेले तथ्याङ्क प्रशोधनको काम ९५ प्रतिशत सकिएको र अब बागमती प्रदेशको भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन गरी चार जिल्लाको मात्र रहेको जानकारी दिए ।

विभागले तथ्याङ्क प्रशोधनका क्रममा १२ कक्षा उत्तीर्ण गरी कम्तीमा तीन महिना कम्प्युटर तालिम लिएका ४०० नेपाली नागरिकलाई नियुक्त गरी गत चैत महिनादेखि काम गर्दै आएको छ । प्रत्येक सिफ्टमा २०० जनाका दरले हरेक दिन बिहान ६:३० बजेदेखि दिउँसो १२:३० बजेसम्म छ घण्टा र त्यसपछि बेलुका ६:३० बजेसम्म प्रशोधनको काम विभागको केन्द्रीय कार्यालय, थापाथलीमा भइरहेको छ । पहिलोपटक यसरी विभागमा भएको प्रशोधनको काम आगामी असोज महिनामा सम्पन्न हुनेछ ।

राष्ट्रिय जनगणनाका क्रममा केही विवरण छुटेको वा कमीकमजोरी भएको भनी विभिन्न जात, जाति, वर्ग, समुदायको तर्फबाट सुझावसहित विभागमा निवेदन परेकाले त्यसतर्फ आवश्यक छानविन गरी मतगणना प्रक्रियालाई अन्तिमरूप दिन विभाग लागिपरेको छ ।

राष्ट्रिय योजना आयोगका सचिवको अध्यक्षतामा जात, जाति, धर्म, समुदायसम्बद्ध संवैधानिक आयोगसहित सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि सदस्य रहने समितिले उजुरी/निवेदनका बारेमा छानविन गरी निर्णय गर्ने कानूनी व्यवस्था रहेको निर्देशक लामिछानेले जानकारी दिए । उक्त प्रक्रिया पूरा भएपछि जारी राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा विभागले सार्वजनिक गर्नेछ ।

हरेक १० वर्षमा एकपटक हुने जनगणनाको शृङ्खलामा राष्ट्रिय जनगणना, २०७८ नेपालको १२औँ र २०७२ को संविधान जारी भएपछि सङ्घीय गणतान्त्रिक प्रणालीको पहिलो गणना हो । विभागले यसअघि भर्चुअल माध्यमबाट गत माघ महिनामा जनगणना, २०७८ को प्रारम्भिक नतिजा सार्वजनिक गर्दै नेपालको जनसङ्ख्या दुई करोड ८१ लाख ९२ हजार रहेको जनाएको छ । विसं २०६८ मा नेपालको जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार रहेको थियो ।




डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## अन्तर्राष्ट्रिय समाचार

### आईएस कार्यकर्ता मारिए

**काबुल**/अफगान सुरक्षा बलले पश्चिमी फराह प्रान्तमा इस्लामिक स्टेट (आईएस) का कार्यकर्तालाई मारेको छ । आईएस कार्यकर्ता लुकेको सुचनाका आधारमा सेनाले कारबाही गर्दा गर्दा एक जनालाई मारेको राज्य सञ्चालित बख्तर समाचार समितिले जनाएको छ ।

बख्तर समाचार समितिका अनुसार कारबाहीस्थलबाट भारी मात्रामा गोलाबारूद बरामद गरिएको छ । कारबाहीका क्रममा सुरक्षा बलका सदस्यमा कुनै क्षति भएको छैन । यद्यपि पूर्ण विवरण प्राप्त भएको छैन । निजी क्षेत्रबाट सञ्चालित एउटा टेलिभिजन च्यानलले भने मारिएका व्यक्तिको परिचय आईएसका गभर्नरका रूप दिँदै कारबाहीका क्रममा अन्य तीन जना पक्राउ परेका जनाएको छ । एजेन्सी

### पाकिस्तानमा कोरोना संक्रमणबाट चार जनाको मृत्यु

**इस्लामाबाद**/पाकिस्तानमा बिहीबार थप दुई सय ४२ जनामा कोभिड-१९ सङ्क्रमण भएको पुष्टि भएको छ । यसबाट सङ्क्रमितको कूल सङ्ख्या १५ लाख ६९ हजार पाँच सय ३७ पुगेको स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । त्यसैगरी पछिल्लो २४ घण्टामा चार सय ४९ जना सङ्क्रमित निको भएका छन् । योसँगै निको हुनेको कूल सङ्ख्या एक लाख ३० हजार छ सय आठ पुगेको छ ।

पाकिस्तानमा कोभिड-१९ बाट हालसम्म ३० हजार पाँच सय ८६ जनाको मृत्यु भएको छ भने बिहीबार थप चार जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार सङ्क्रमितमध्ये एक सय १५ जनाको अवस्था गम्भीर रहेको छ । एजेन्सी

### अफगानिस्तानको मस्जिद विस्फोटमा प्रमुख धर्मगुरुसहित १८ जनाको मृत्यु

**अफगानिस्तान**/अफगानिस्तानको पश्चिमी हेरात प्रान्तको राजधानी हेरात सहरमा रहेको मस्जिदमा शुक्रबार भएको विस्फोटमा परी कम्तीमा १८ जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन् ।

"हेरात सहरको गाजर गाह मस्जिद बाहिर शुक्रबार भएको विस्फोटमा प्रमुख धर्मगुरु मौलावी मुजिब रहमान अन्सारी र उनका भाइ हबिब रहमान अन्सारीसहित १८ व्यक्तिको मृत्यु भएको छ भने अन्य २३ जना घाइते भएको," प्रान्तीय प्रशासनका प्रवक्ता मौलावी हमिदुल्लाह मतवाकिलले पत्रकारहरूलाई बताएका छन् । विस्फोटको जिम्मेवारी हालसम्म कुनै समूह वा व्यक्तिले लिएको छैन ।

रसौलीले सो आक्रमणमा "शत्रुहरू" को हात रहेको बताए पनि कुनै विशेष समूहको नाम भने उल्लेख गरेका छैनन् । एजेन्सी

### बाढीका कारण पाकिस्तानमा झन्डै आठ लाख पशुको मृत्यु

**इस्लामाबाद**/विगत केही हप्तादेखि आएको मूसलधारे मनसुनी वर्षाले शताब्दी लामो रेकर्ड तोडेको छ । साथै केही प्रान्तहरूमा विगत ३० वर्षको औसतभन्दा पाँच गुणा बढी पानी परेको बताइएको छ जसबाट एक हजार दुई सयभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

त्यस्तै बाढीले ११ लाखभन्दा बढी घरहरू क्षति पुर्‍याएको छ भने थुप्रै घरहरू बगाएको छ । थुप्रै पूर्वाधारहरू नष्ट भएका छन् । विद्यालय र अस्पतालहरू भत्किएका छन् । कम्तीमा १८ हजार विद्यालयमा क्षति पुगेको छ ।

"हामीले अनुमान गरेका छौँ कि एक करोड ६० लाख बालबालिका त्यसबाट प्रभावित छन् र तीमध्ये ३४ लाख बालबालिकालाई मानवीय सहयोगको खाँचो छ," युनिसेफका पाकिस्तानी प्रतिनिधि अब्दुल्लाह फादिलले जेनेभाको प्यालेस डेस नेशनमा शुक्रबारको पत्रकार सम्मेलनमा उल्लेख गरेका छन् । हाल पानीजन्य घातक रोगहरू छिटो फैलिने उच्च जोखिम छ । झाडापखाला, हैजा, डेङ्गु, मलेरिया सङ्क्रमणको उच्च जोखिम छ । शौचालयको अभावमा बाढीपीडितहरू खुला रूपमा दिसा-पिसाब गर्न बाध्य छन् ।

राहत र उद्धार कार्यहरू अगाडि बढाउन निकै कठिन भएको छ । करिब एक सय ६० पुलहरू र पाँच हजार किलोमिटर सडकखण्ड क्षतिग्रस्त भएका छन् । पैतीस लाख एकड बाली प्रभावित भएको छ भने लगभग आठ लाख पशुहरू मरेका छन् । कठिनताका बाबजुद उद्धार र राहत कार्य भने जारी रहेको युनिसेफले बताएको छ ।

युनिसेफका प्रतिनिधिले चिकित्सा उपकरण, अत्यावश्यक औषधि, खोपहरू, सुरक्षित पिउने पानी, स्वच्छता किटहरू, लामखुट्टे विरुद्धका उपायहरू र डेलिभरी किटहरू उपलब्ध गराउन जारी राख्नका लागि यी कोष र स्रोतहरूको तुरुन्तै आवश्यकता रहेको बताएका छन् । एजेन्सी

# कलवार जातिका वरिष्ठ दानबिर भगतसहित नवनिर्वाचित प्रमुख गुप्ता र अध्यक्ष चौधरी सम्मानित



**राजविराज**/बलराम सेवा समिति केन्द्रिय कार्यालय राजविराजले हालै सम्पन्न स्थानिय तह निर्वाचनमा निर्वाचित प्रतिनिधि तथा वरिष्ठ समाजसेवी जोगेन्द्र भगतलाई एक कार्यक्रमबीच सम्मान गरेको छ ।

समितिद्वारा शुक्रबार राजविराजमा आयोजित कलवार जातिको कुल देवताको रुपमा रहेका बलराम भगवानको पुजाको अवसरमा सो सम्मान गरिएको हो । यो पूजा प्रत्येक वर्षको भदौ शुक्ल षष्ठीको दिन मनाइने गरिन्छ ।

आयोजित सम्मान कार्यक्रममा समितिका महासचिव अनिलकुमार अनलले विगत लामो समयदेखी जिल्लामा समाजसेवामार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान बनाउन सफल वरिष्ठ समाजसेवी एवं दानबिर तथा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष जोगेन्द्र भगतलाई सम्मानपत्र तथा दोसल्ला ओढाई सम्मान गरे ।

त्यस्तै सम्मानित हुनेहरुमा शम्भुनाथ नगरपालिकाका प्रमुख जितेन्द्र प्रसाद गुप्ता, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, जिल्ला समन्वय समिति सप्तरीका सदस्य बहुरी भगत, शम्भुनाथ नगरपालिका वडा नं. २ का अध्यक्ष दुर्गानन्द भगत तथा रुपनी गाउँपालिका वडा नं १ की महिला सदस्य बबिता कुमारी भगत रहेका छन् । समितिका महासचिव अनलले नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मानपत्र तथा दोसल्ला ओढाई सम्मान गरे ।

कार्यक्रमका वरिष्ठ दानबिर जोगेन्द्र भगतले जिल्लामा पहिलो पटक दुई स्थानिय पालिकामा कलवार जातिका अध्यक्ष र प्रमुख, एक जिसस सदस्य, एक वडाअध्यक्ष र एक जना महिला वडा सदस्यमा निर्वाचित भएकोमा आफूहरु गौरान्वित भएको बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ दानविर भगतले आफूले स्वजातीयबाट पाएको सम्मानको कदर गर्दै आगामी दिनहरुमा आफ्ना स्वजातीयका लागि सहयोग गर्ने वचन दिए । उनले स्वजातियको नाममा सदरमुकाम राजविराजमा कुलदेवता बलरामको मन्दिर तथा धर्मशालाका लागि जग्गादान दिने प्रतिबद्धता समेत जनाए । उनले भने, “मैले जिल्लाको रुपनीमा प्रहरी अस्पताल, शम्भुनाथमा सशस्त्र प्रहरीलाई विद्यालयका लागि जग्गा तथा विभिन्न कार्यका लागि प्रत्यक्ष अप्रत्यक्षमा सहयोग गरेको छु, तर, अब आफ्ना स्वजाती बन्धुका लागि केही गर्ने समय आएकोले जग्गा दान दिने मनसायमा पुगेको छु ।”

यस्तै शम्भुनाथ नगरपालिकाका नवनिर्वाचित प्रमुख जितेन्द्र प्रसाद गुप्ताले स्वाजातियबाट सम्मानित हुन पाएकोमा अत्यन्त हर्षित भएको बताउँदै वर्षको एक पटक पुजाको नाममा भएपनि स्वजातिहरुसँग भेटघाट हुँदा आफूले गौरान्वित महसुस गरेको बताए । उनले स्वजातिका लागि हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै नगरको मात्र नभएर सम्पूर्ण जिल्लाका स्वजातिलाई एक ढिक्का गर्न समितिलाई सुझाव समेत दिए ।

सो कार्यक्रममा छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले स्वजातिको कार्यक्रममा आफू पहिलो पटक सहभागि हुन पाएकोमा खुशी व्यक्त गर्दै स्वाजातिको सहयोगका निम्ति आफ्नो सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले यस्ता कार्यक्रमको आयोजनाले स्वजातिहरुसँग भेट गर्ने अवसरका पाउनुका साथै सम्बन्ध बिस्तार समेत हुने जिकिर गरे ।

सोही कार्यक्रममा समितिमा लामो समयदेखी सक्रिय रुपमा आवद्ध भई सहयोग प्रदान गर्दै आएका समितिका महासचिव अनिल कुमार अनल, कोषाध्यक्ष भोलाप्रसाद भगत, शुशिल गुप्ता, शंकर भगत, लालबाबु भगत, गजेन्द्र भगतलाई पुजा समितिका संयोजक संजय भगतले दोसल्ला ओढाई सम्मान गरे भने महासचिव अनलले संयोजक भगतलाई समेत दोसल्ला आढाएर सम्मान गरेका थिए ।

कार्यक्रममा राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका, रुपनी गाउँपालिकाका सयौं स्वजातिको सहभागिता रहेको थियो ।

## प्रहरीसँग सहकार्य र समन्वय गर्ने प्रतिबद्धता




**राजविराज**/दशैं, तिहार तथा छठ पर्वलाई मध्यनजर गरी सुरक्षा व्यवस्था सुदृढ बनाउने उद्देश्यले जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न सरोकारवाला निकायसँग अन्तरक्रिया गरेको छ ।

जिल्लामा चोरी, लुटपाटको नियन्त्रण तथा रोकथाम गर्ने कार्यमा प्रहरीलाई सहयोग गर्न ती सरोकारवाला निकायले प्रतिबद्धता समेत जनाएका छन् ।

सुनचाँदी व्यवसायी संघका अध्यक्ष नारायण रंजन लगायत अन्य संचालकहरुले सामुदायिक सेवा केन्द्र सप्तरीका अध्यक्ष हितनारायणलाल दासको उपस्थितिमा सो अन्तरक्रियामा प्रहरीलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् ।

यस्तै प्रहरीले राजविराजस्थितका बैंक तथा बित्तिय संस्थाका प्रमुखहरुसँग पनि अन्तरक्रिया गरेको छ । बैंक तथा वित्तिय संस्थाका प्रमुखहरु ज्ञान कुमार साह, राजकुमार यादवलगायतको उपस्थितिमा सामुदायिक सेवा केन्द्र सप्तरीका अध्यक्ष हितनारायणलाल दासको समेत सहभागितामा प्रहरी र संस्थाहरुबीच समन्वय र सहकार्य गरी सहयोग गर्ने विषयमा अन्तरकृया सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## निर्वाचनबारे मतदातालाई सूचित गर्न सूचना आयोगको सुझाव

**काठमाडौँ**/राष्ट्रिय सूचना आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई स्वच्छ, पारदर्शी, जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम जानकारी पाउने वातावरण बनाउन निर्वाचन आयोगलाई सुझाव दिएको छ ।

आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङको अध्यक्षतामा यही भदौ १६ गते भएको ३७औं बैठकले निर्वाचनका लागि उम्मेदवारले पेश गर्ने मनोनयनपत्र तथा संलग्न कागजात सर्वसाधारण मतदातालाई जानकारी गराउन र निर्वाचन सम्पन्न भएपश्चात कानूनबमोजिम उम्मेदवारले पेश गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्न सुझाव दिने निर्णय गरेको हो ।

आयोगका सूचना आयुक्त तथा प्रवक्ता कमला ओली थापाका अनुसार सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा स्वीकृतीको कारवाही अगाडि बढाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने पनि निर्णय भएको छ । यस्तै सूचनाको हक कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनैतिक योजनामा अन्तिम सुझाव प्राप्त गर्न आयोगको वेबसाइटमा एक महिनाका लागि राख्ने र सम्बद्ध मन्त्रालयको पनि सुझाव लिने आयोगले निर्णय गरेको छ ।

धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं

➢धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
➢आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
➢कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
➢धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
➢धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।
त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*